# टीकापुर नगरपालिकाको तेह्रौ नगरसभा समक्ष नगरप्रमुख श्री रामलाल डगौरा थारूज्यूले प्रस्तुत गर्नु भएको

## आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम

## ०५ असार २०८०


वेबसाइट :www.tikapurmun.gov.np

ईमेलः tikapurmun@gmail.com

# टीकापुर नगरपालिका

## टीकापुर, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल

## आर्थिक वर्ष २०८०/०८१ का लागि नीति तथा कार्यक्रम

**नगरसभा सदस्यज्यूहरु,**

१. टीकापुर नगरपालिकाले तय गरेको **"उत्पादनशिल, स्वस्थ, शिक्षित, पूर्वाधारयुक्त, सु-व्यवस्थित पर्यटकीय नगर"** को दीर्घकालीन सोच पुरा गर्ने तर्फ प्रतिबद्ध रही तेह्रौं नगरसभा समक्ष टीकापुर नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अपार हर्ष एवं गौरव अनुभुति गरिरहेको छु ।

२. यस ऐतिहासिक घडीमा म सर्वप्रथम लोकतन्त्र, संघीयता, गणतन्त्र प्राप्तिका लागि महान जनयुद्ध तथा जनआन्दोलनमा सहादत प्राप्त गर्नु हुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । टीकापुरलाई इतिहासका विभिन्न मोडहरुमा आफ्नो कुशल नेतृत्व प्रदान गरी अहिलेको अवस्थासम्म ल्याउनुहुने सम्पूर्ण अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दै जनताको अभिमतबाट निर्वाचित स्थानीय सरकारको अभिभारा सम्हालेको प्रथम वर्षको सिकाईबाट प्रेरणा लिई जनताको अपेक्षा अनुसार निरन्तर अगाडि बढ्ने प्रतिबद्धता सहित यो नीति तथा कार्यक्रम यहाँहरु माझ प्रस्तुत गरी रहेको छु ।

३. जनउत्तरदायी सरकारको अवधारणा आत्मसात् गर्दै सार्वजनिक प्रशासनको कार्य संस्कृतिमा सुधार ल्याई सुशासन कायम गर्न र जवाफदेहीता विहिन स्थिति अन्त्य गर्दै स्थानीय तहको शासन प्रकृया तथा सेवा प्रवाहलाई छिटो छरितो, पारदर्शी, जवाफदेही, प्रभावकारी, गुणस्तरीय र सहभागीतामुलक बनाउन हामी दृढ संकल्पित छौं । सोही अनुरुप समय सापेक्ष नीतिगत, संस्थागत व्यवस्था र कानून निर्माण गरी अघि बढीरहेका छौं ।

४. विभिन्न जातजातीले मनाउने चाँडपर्वहरु, बोलिने भाषाभाषीहरु र मौलिक संस्कृतिहरुले हाम्रो समाजलाई अझ समृद्ध बनाएको छ । यीनै विविधतायुक्त सांस्कृतिक संगमतालाई **"अनेकतामा एकता र संस्कृतिमा विविधता"** लाई टीकापुरको पहिचान बनाएर अगाडि बढ्नु हाम्रा लागि अपरिहार्य छ । निर्वाचित जनप्रतिनिधिका हैसियतले हामी नगरवासीहरुका चाहाना र भावनाहरुलाई उच्च सम्मान गर्दै मन, वचन र कर्मले सदैव सेवारत रहने प्रतिबद्धता समेत प्रकट गर्दछु ।

**सभाका सदस्यज्यूहरू,**

५. चालु आर्थिक वर्ष २०७९/०८० को लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजनाहरु कार्यान्वयनको समीक्षा गर्दा नगर गौरव, नगरस्तरीय र वडास्तरीय पूर्वाधारका अधिकांश योजनाहरु सम्पन्न हुने अवस्थामा छन् । बहुवर्षीय पूर्वाधार आयोजनाहरु कार्यान्वयनमा रहेका छन् । चालु आ.व.का लागि पारित नीति तथा कार्यक्रम र विषयगत कार्यक्रमहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको छ ।

६. नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, नेपाल सरकार र प्रदेश सरकारले गरेका नीतिगत व्यवस्था, नेपालले अन्तर्राष्ट्रिय स्तरमा व्यक्त गरेका प्रतिबद्धताहरु, दिगो विकासको लक्ष्य, पन्ध्रौं राष्ट्रिय योजना, यस नगरपालिकाको नगर वृहत योजना, २०७७, विभिन्न प्रतिवेदनमा औल्याईएका विषयहरु र नगरपालिकालाई जनस्तरबाट समय समयमा प्राप्त सल्लाह सुझावहरु हाम्रा मुख्य मार्गदर्शक आधार रहेका छन् ।

**नगरसभा सदस्यज्यूहरु**,

अब म यस गरिमामय सभा समक्ष यस नगरपालिकाको क्षेत्रगत नीतिहरु राख्न चाहन्छु |

## क. आर्थिक विकास तर्फ :

### क.१. कृषि तथा पशुपालन

#### कृषि

७. व्यावसायिक कृषि प्रणालिको विकास तथा विस्तारमा जोड दिन आधुनिक कृषि प्रविधिको प्रर्दशन तथा कृषि कार्यक्रमलाई प्रोत्साहन गरिनेछ । साथै कृषि बालीको उत्पादन एवं उत्पादकत्व बृद्दिमा सहयोग पुग्ने कार्यक्रम संचालन गरिनेछ।

८. कृषिमा आधारित रोजगारी प्रवर्द्धन गर्न टीकापुर नगरपालिकालाई एक वडा एक कृषि पर्यटनको रुपमा विकास गरिनेछ।

९. रासायनिक विषादि,मलको प्रयोगलाई निरूत्साहित गर्दै अर्गानिक कृषि उत्पादनमा जोड दिइनेछ।

१०. एक वडा एक कृषि उत्पादन क्षेत्र निर्धारण गरिनेछ ।

११. प्रत्येक वडामा कृषि सेवा प्रदायक कृषि सञ्जाल गठन गरिनेछ ।

१२. कृषि उत्पादनको बजारीकरण गर्न कृषि हाटबजार / संकलन केन्द्रलाई उपयुक्त स्थानमा स्थानान्तरण तथा व्यवस्थित गर्नुका साथै चिस्यान केन्द्र निर्माण र सहकारी मार्फत बजारीकरणको उचित व्यवस्थापन तथा सुदृढीकरण गरिनेछ । नविन कृषि कार्यका लागि अनुदान उपलब्ध गराउनुका साथै किसानको लागि उन्नत बिउमा अनुदान प्रदान गरिनेछ |

१३. व्यावसायिक कृषि उत्पादन केन्द्र Pocket विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ साथै कृषक पहिचानका लागि किसान सूचीकरण कार्यक्रमलाइ निरन्तरता प्रदान गरिनेछ ।

१४. हरेक वडामा आधुनिक खेति प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. नगरपालिका क्षेत्र भित्र एक मेघा कृषि फार्म सञ्चालन गरिनेछ ।

#### पशुपालन :

१६. व्यावसायिक रुपमा पशुपंक्षी उत्पादनका लागि सम्भाब्यताको आधारमा वडा तथा गाउँ/टोलमा विशेष क्षेत्र निर्धारण गरी गाई, भैसी, बंगुर, बाख्रा तथा कुखुरा एवम् माछा पालनमा जोड दिइने छ ।

१७. पशुपंक्षी उपचार, खोप विस्तार, रोग नियन्त्रण पशु बाँझोपना नियन्त्रण गरी दुध, दुग्धजन्य पदार्थ, मासु तथा अण्डा उत्पादनमा आत्मनिर्भरता वृद्धि गरिनेछ ।

१८. नश्ल सुधारका लागि कृत्रिम गर्भाधानमा विशेष जोड दिई व्यावसायिक फर्महरुमा बाच्छी मात्रै उत्पादनका लागि सेक्सी सिमेनको व्यवस्था गरिनेछ साथै वोयर जातका पाठापाठी/बोका तथा उन्नत बंगुरको भाले (बिर) वितरणको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१९. पशु पकेट क्षेत्र विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२०.. सामुदायिक पशुहरुको उचित व्यवस्थापन गर्न सार्वजनिक नीजि साझेदारीमा कार्यक्रम सञ्चालन गर्नुका साथै मल तथा वाँयो ग्यास उत्पादनमा जोड दिइनेछ ।

२१. पशुहरुको आहारा सुधार गर्न घाँसे वाली, वर्षे, हिउदे, वहुवर्षे/डाले घाँसको खेतीमा प्राथमिकता दिनुका साथै घाँसको संरक्षण, सम्वर्धन, भण्डारणको लागि आवश्यक प्रविधि अपनाइ व्यावसायिक घाँस खेतीलाई प्रवर्धन गरिनेछ ।

२२. पशुपंक्षीमा देखा पर्ने संक्रामक माहामारी रोग नियन्त्रणका लागि खोप कार्यहरु संचालन गरिनेछ ।

२३. पशु स्वास्थ्यमा पहुँच नपुगेका वडा/गाउँ/टोलमा पशु स्वास्थ्य शिविर र बाँझोपन शिविर संचालन गरिनेछ ।

२४. पशु उत्पादन दुध/मासु तथा अण्डाको बजारीकरणको लागि संघ संस्था/सहकारीलाई आवश्यक श्रोत साधन उपलब्ध गराउनुका साथै उत्पादनका आधारमा ढुवानीका लागि अनुदानको व्यवस्था मिलाइनेछ ।

२५. कृषक सीप दक्षता, अभिवृद्धिका लागि कृषक भ्रमण, अवलोकन, गोष्ठी, सेमिनार/अन्तरक्रिया, तालिम कार्यक्रम संचालन गरिनेछ ।

२६. पशु सेवा शाखालाई पशु अस्पतालको रुपमा स्तरोन्नति गर्न पहल गर्नुका साथै नगरस्तरीय पशुपंक्षी अभिलेखलाई अद्यावधिक गरिनेछ ।

२७. एक वडा, एक पशु स्वास्थ्य प्राविधिक र कृषि प्राविधिकको व्यवस्था मिलाइने छ ।

## क.२. उद्योग, श्रम, रोजगार तथा गरिबी निवारण

२८. नविन प्रविधि तथा सोंचका साथ स्थानीय कच्चा पदार्थमा आधारित भई सञ्चालन गरीने लघु, घरेलु तथा साना उद्योगहरुको स्थापना र सञ्चालनमा सहयोग पुऱ्याउन Start up Fund को स्थापना गरी आवश्यक सहयोग उपलब्ध गराइनेछ साथै उत्पादन तथा बाह्य् लगानी भित्र्याईस्थानीय स्तरको रोजगारी सिर्जना गर्ने उद्देश्यले लगानी मैत्री बाताबरण निर्माणका लागि लगानी सम्मेलनको आयोजना गरिनेछ ।

२९. गरिबी निवारण र रोजगारी सिर्जनामा प्रत्यक्ष सहयोग पुऱ्याउने बेतबाँस लगायत स्थानीय कच्चा पदार्थमा आधारित उद्यम व्यवसायको स्थापना, सञ्चालन र स्तरोन्नतिका लागि उपयुक्त मापदण्डका आधारमा अनुदान उपलब्ध गराईनेछ र औधोगिक ग्राम स्थापनाका लागि प्राथमिकताका साथ आवश्यक पहल गरिने छ ।

३०.. तीनै तहका सरकार मातहतका कार्यालयहरु, गै.स.सं. तथा प्राविधिक शिक्षालयसंगको समन्वय र सहकार्यमा गरिबी निवारण र रोजगारी सिर्जनाका लागि बजारको माग अनुरुप व्यावसायिक सीप विकास तालिम र अन्य सहयोग कार्यक्रमहरु सञ्चालन गरी श्रमशक्ति विकास र आपूर्ति गरिनेछ ।

३१. स्थानीय स्तरमा रोजगारी प्रवर्धनका लागि श्रमिकहरुको सूचीकृत गरि सार्वजनिक निर्माणका कार्यहरुमा सम्भव भएसम्म श्रममूलक प्रविधिको प्रयोग गरिनेछ।

३२. श्रम सहकारी संस्था र उपभोक्ताहरुको लागत सहभागितामा सञ्चालन हुने आयोजनाहरु श्रम सहकारी संस्थाहरुबाट कार्यान्वयन गर्न प्राथमिकता दिइनेछ ।

३३. रोजगार व्यवस्थापन सूचना प्रणालीको स्थापना मार्फत रोजगारी सम्बन्धी तथ्यांक नियमित रुपमा अद्यावधिक गरी उपयोग गर्नुका साथै व्यक्तिगत श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृतिका लागि सेवाग्राहीलाई सहजै रुपमा सेवा लिन सक्ने वातावरणको विकास गरिनेछ ।

३४. वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरु लक्षित पुनः एकिकरण कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।

३५. स्वच्छ बजार स्थापनाका लागि उपभोक्ता र व्यवसायीलाई सचेत र जिम्मेवार बनाउन सरोकारवाला संगको समन्वय र सहकार्यमा आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ साथै दुध, माछा, मासु जस्ता दैनिक उपभोग्य वस्तुको गुणस्तर र बिक्रीस्थल मापदण्ड लागू गरी गुणस्तर र स्वच्छता कायम गरिनेछ ।

३६. बजार अनुगमनलाई थप सशक्त र प्रभावकारी बनाउनुका साथै उपभोक्ता हित संरक्षणका लागि सचेतना अभिवृद्धि गर्न उपभोक्ता जागरण कार्यक्रम सञ्चालन गरिनेछ ।

**क ३.पर्यटन तथा संस्कृति**

३७. स्थानीय विविधतायुक्त ऐतिहासिक तथा धार्मिक स्थल भाषा, धर्म, संस्कृति, ललितकला, साहित्यको पहिचान संरक्षण तथा प्रवर्धनका लागि विशेष जोड दिनुका साथै बहुल संग्राहालयको निर्माण गर्न पहल गरिनेछ ।

३८. यस नगरपालिकाको पहिचानको रुपमा रहेको टीकापुर पार्कलाई पर्यटकीय पूर्वाधारको रुपमा विकास, विस्तार गरिनेछ साथै दिगो व्यवस्थापनका लागि सार्वजनिक, निजि साझेदारिता गरिनेछ ।

३९. चिसापानी - टीकापुर पर्यटकीय करिडोरको साझा विकास गरिनेछ, नगरपालिकालाई हेरिटेज सिटीको रुपमा विकास गर्न पर्यटकीय सम्भावना तथा सुविधाको खोजी गरिनेछ ।

४०. नगरपालिका र निजी क्षेत्रको सहकार्य तथा नेपाल सरकार र प्रदेश सरकारको समेत साझेदारीमा समुदायमा आधारित कृषि पर्यटन, पर्यापर्यटन विकासका सम्भाब्यताको खोजी गरि पर्यटन सम्बन्धी गतिविधिलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

४१. आन्तरिक र बाह्य पर्यटकहरुलाई आकर्षित गर्न टीकापुरको पर्यटन क्षेत्रको पूर्वाधार विकासमा जोड दिदै प्रवर्धनात्मक कार्यक्रम सञ्चालन गरिनुका साथै टीकापुर पार्क नजिक कर्णाली नदीमा पानि परेटन प्रबर्दनका लागि प्रोत्साहन गरिने छ ।

**क.४.सहकारी**

४२. सहकारी संस्था मार्फत स्थानीय उत्पादनको बजारीकरण गर्न आवश्यक सञ्जाल स्थापना र सञ्चालन गर्न विशेष सहयोग गरिनेछ ।

४३. सहकारी संस्थामा सुशासनको प्रत्याभूति गराई विपन्न नागरीकहरुको आर्थिक सहभागिता अभिवृद्धि गराईनेछ ।

४४. सहकारी नियमनलाई थप सुदृढ र प्रभावकारी बनाउँदै लगिनेछ साथै सरोकारवाला संगको समन्वय र सहकार्यमा आवश्यक कार्यक्रमहरु सञ्चालन गरी सहकारी संस्थाको संस्थागत क्षमता विकासमा जोड दिइनेछ ।

४५. निष्क्रिय सहकारी संस्थाहरुलाई पुनःगठन, एकिकरण तथा खारेजी गर्नुका साथै सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुपको सहकारी व्यवसाय गर्ने संस्थाहरुलाई विशेष प्रोत्साहन गरिनेछ ।

**नगरसभा सदस्यज्यूहरु**,

## ख. सामाजिक विकास तर्फ :

**ख.१. शिक्षा**

४६. **"निः शुल्क आधारभुत शिक्षालाई सुनिश्चितता प्रदान गर्न"** सम्पूर्ण सामुदायिक विद्यालयहरुलाई विद्यालय सञ्चालन, नीजि शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदानको व्यवस्थालाई निरन्तरता प्रदान गरिनेछ ।

४७. संघीय सरकारद्वारा ल्याईएको बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरुको न्यूनतम सेवा सुविधा सम्बन्धी नीतिलाई निरन्तरता दिइनेछ ।

४८. नेपालको संविधान बमोजिम अनिवार्य आधारभुत शिक्षा कार्यान्वयनको लागि बालबालिकाहरुलाई विद्यालयमा **"झिकाऔं र सिकाऔं"** भन्ने आदर्श वाक्यको अनुसरण गर्दै चार वर्ष उमेर समुहका तथा विद्यालय उमेरका विद्यालय भन्दा बाहिर रहेका बालबालिकाको संख्या यकीन गरी सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्न **"सघन विद्यार्थी भर्ना अभियान"** सञ्चालन गरिनेछ ।

४९. बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक र बौद्धिक विकास सहित उनिहरुमा रहेका अन्तरनिहित प्रतिभाहरु प्रस्फुटन गर्न, अनुशासन तथा सामाजिकिकरणको विकास गर्न अन्तर विद्यालय स्तरीय सह-क्रियाकलाप, खेलकुद कार्यक्रम, स्काउट तथा योग (Scouting and Yoga) सम्बन्धी विविध क्रियाकलाप सञ्चालन गरिनेछन् र साप्ताहिक रुपमा विद्यालयहरुलाई पनि यस्ता क्रियाकलाप गर्न प्रोत्साहन गरिनेछ साथै सामुदायिक विद्यालयहरुमा स्वास्थ्य परामर्स कार्यक्रम लागु गरिनेछ ।

५०. विद्यालयहरुमा STEAM Club (Science, Technology, Engineering, Arts & Math) स्थापना गरी विज्ञान, प्रविधि, इन्जिनियरीङ, कला र गणितमा आधारित आविष्कारका विभिन्न कार्यक्रमहरु सञ्चालन गरी विद्यालयहरुबीच वार्षिक रुपमा आविष्कारका प्रतिस्पर्धाको आयोजना गरी विद्यार्थीहरुको सिर्जनशीलतालाई प्रोत्साहन गरिनेछ ।

५१. परीक्षाको विश्वसनियता, वैद्यता, वस्तुनिष्ठता र स्तरीयता जस्ता आधारभुत मान्यताहरुलाई कायम राखि कक्षा आठ तथा अन्य कक्षाहरुको नगरस्तरीय परीक्षा सञ्चालन गरी मुल्याङ्कन प्रणालीलाई वैज्ञानिक र प्रभावकारी बनाइनेछ ।

५२. **"गुणस्तरीय शिक्षाः आजको आवश्यकता"** जस्ता विषयहरुलाई प्राथमिकता दिन सामुदायिक विद्यालयहरुमा विषयगत शिक्षकको व्यवस्था गरीनुका साथै बालविकास सहजकर्ता तथा शिक्षकहरुको क्षमता विकास सम्बन्धी विभिन्न तालिम तथा कार्यशालाहरु सञ्चालन गरिनेछ।

५३. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात मिलाउन विद्यालय नक्साङ्कन (School Mapping) को आधारमा सार्ने, गाभ्ने र दरबन्दी मिलानको प्रकृया अगाडि बढाइनेछ तथा ट्युसन, कोचिङ् जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा तथा नगर भित्र सञ्चालित तालिम केन्द्र र भाषा प्रशिक्षण केन्द्रहरुलाई नगरपालिका मातहत ल्याईनेछ ।

५४. सम्पूर्ण सामुदायीक तथा संस्थागत विद्यालयहरुमा सञ्चालन हुने शैक्षिक क्रियाकलाप तथा विद्यालयका अन्य गतिविधिहरुको नियमित अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गरिनेछ साथै संस्थागत निजि र सामुदायिक विद्यालय बीचमा भगिनी सम्बन्ध स्थापित गराई शैक्षिक गुणस्तर अभिवृद्धिका लागि एक अर्काको अनुभव, असल अभ्यास र सहयोग आदान प्रदान गरी सामाजिक उत्तरदायित्व वहन गर्न उत्प्रेरित गरिनेछ ।

५५. विद्यालय प्रति अपनत्व, स्वामित्व तथा उत्तरदायित्व बोध गराउन विद्यालय सँग सरोकार राख्ने वि. व्य. स., शि.अ.संघ पदाधिकारी र जनप्रतिनिधि आदिसँग शैक्षिक अन्तर्क्रिया तथा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ साथै सामुदायिक बिद्यालयको उन्नति तथा गुणस्तर वृद्धिका लागि आवस्यक कार्यक्रम

सहित पुरुस्कार तथा दण्डको ब्यबस्था गरिनेछ भने संस्थागत विद्यालयबाट प्रचलित ऐन कानून बमोजिम विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्न आवश्यक प्रक्रिया अवलम्बन गरिनेछ ।

५६. बिद्यार्थीको **Drop OUt** लाई रोक्न शैक्षिक सुनिश्चित कोषको निर्माण गरि लागु गरिनेछ साथै राज्यबाटसेवा सुबिधा प्राप्त गर्ने रास्ट्रसेवक कर्मचारी शिक्षक,जनप्रतिनिधि लगायत सबैले आफ्ना सन्ततिहरुलाई पायक पर्ने सामुदायिक विद्यालयमा अनिबार्य रुपमा अध्ययन गराउनु पर्ने नीति लिईएको छ ।

५७. वर्तमान विश्व परीवेशमा **"विद्यार्थीमा उच्च नैतिक चरित्र र अनुशासन"** को विकासको लागि कक्षा ६ देखि ८ सम्म उक्त विषयलाई समावेश गरी हाम्रो टीकापुर नामक स्थानीय पाठ्यक्रम तयार गरी आगामी शैक्षिक सत्र बाट कक्षा ६ बाट लागु हुने गरी पाठ्यपुस्तक समेत तयार गरिनेछ ।

## ख.२. स्वास्थ्य तथा पोषण

५८. क्षयरोग मुक्त पालिका घोषणा अभियान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५९. महिला तथा बालबालिकाको स्वास्थ्य सेवामा पहुँच बढाउन टीकापुर अस्पताल मार्फत विशेषज्ञ सेवा प्रदान गरिने कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

६०. शहिद र बेपत्ता परिवारका सदस्यहरु तथा घाईतेलाई निःशुल्क स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

६१. औलो निवारण मुक्त वडा घोषणा अभियान कार्यक्रम संचालन गरिनेछ ।

६२. वडा तह सम्म सुरक्षित गर्भपतन सेवालाई विस्तार गरिनुका साथै प्रयोगशाला सेवा विस्तारमा जोड दिइनेछ ।

६३. समुदायका लक्षित समुहहरुका लागि पोषण चौतारी कार्यक्रम संचालन गरिने छ ।

६४. नगर प्रमुख जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्रम संचालन गरिनेछ ।

६५. खक्रौला नाका हेल्थ डेस्क मार्फत स्वास्थ्य निगरानी थप प्रभावकारी बनाईनेछ ।

६६. ग्रामिण अल्ट्रासाउन्ड कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

६७. टोल समुदायस्तरमै मानसिक स्वास्थ्य सेवा उपलब्ध गराउन विशेष व्यवस्था मिलाईनेछ ।

६८. संस्थागत सुत्केरी न.पा. घोषणा अभियान प्रक्रिया अगाडि बढाईनेछ ।

६९. दीर्घ रोगीहरुलाई संघीय सरकारको समन्वयमा उपचारमा सहुलियत खर्च उपलब्ध गराइनेछ ।

७०. बहु क्षेत्रिय पोषण योजना अनुसार प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनुका साथै जनस्वास्थ्य सम्बन्धी प्रवर्धनात्मक कार्यक्रमहरुलाई निरन्तरता प्रदान गरिनेछ ।

७१. **"आधारभुत तथा निशुल्क स्वास्थ्य, उत्पादनशील र जिम्मेवार नागरिक"** नारा सहित नसर्ने रोगहरुको रोकथाम तथा नियन्त्रण सम्बन्धी क्रियाकलाप संचालन गरिनेछ । निःशुल्क वितरण गरिने औषधिको अभाव हुन नदिन आवश्यक बजेटको व्यवस्था गर्नुका साथै खोप लगायत नियमित स्वास्थ्य सेवालाई प्रभावकारी बनाइनेछ ।

७२. योग शिक्षा, आयूर्वेद तथा वैकल्पिक चिकित्सा पद्दतिलाई प्रवर्धन गर्नुका साथै जडिबुटि संरक्षण, सम्वर्धन, प्रवर्धन लगायतका कार्यक्रम संचालन गरिनेछ ।

७३. आयुर्वेद स्वस्थ जीवन कार्यक्रम संचालन गरिनेछ साथै आयुर्वेद गाँउघर क्लिनिकलाई निरन्तरता दिंदै स्तनपायी आमा, जेष्ठ नागरीक, दिर्घ रोगी, विद्यार्थीलाई लक्षित गरी योग अभ्यास र योग शिक्षा सम्बन्धी

विशेष कार्यक्रम संचालन गरिनेछ साथै रोग उपचार, निदानमा पन्च कर्म र पुर्व कर्म चिकित्सा पद्दतिमा जोड गरिनेछ ।

७४. टीकापुर अस्पतालमा जलन उपचार सेवा सञ्चालनका लागि आवश्यक पहल र समन्वय गरिनेछ ।

७५. टीकापुर नगरपालिकामा सिकलसेल एनिमिया र थालासेमियाको रोगको उपचारका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

**ख ३. युवा तथा खेलकुद**

७६. खेलकुद क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ साथै एक वडा एक खेलकुद मैदानको रुपमा बिकास गरिनेछ .

७७. युवा नेतृत्व विकास गरी नगर विकासमा युवाको क्षमता उपयोग गर्नुका साथै युवा समृद्धि तथा स्व-रोजगारका लागि कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।

७८. खेलकुदका लागि युवा संजाल गठन गरिनेछ साथै एक वडा एक खेलकुद मैदानको अबधारणा अनुरुप आवस्यक पूर्वाधार विकास गरिनेछ.

७९. युवाहरुलाई व्यावसायिक सीप विकास तालिम प्रदान गरी स्वरोजगार सिर्जना र आय आर्जनमा सघाउने नीति अवलम्बन गरिनेछ ।

८०. नगर प्रमुख खेलकुद कार्यक्रमलाई निरन्तरता दिनुका साथै शारीरिक तन्दुरुस्ती, मानसिक विकास, भातृत्वका लागि फुटवल, क्रिकेट, भलिवल, व्याडमिन्टन, तेक्वान्दो, कराँते लगायतका खेल प्रर्वद्धन गरिनेछ ।

**ख ४. सामाजिक सुरक्षा र संरक्षण**
**(महिला,बालबालिका, अपाङ्ग तथा ज्येष्ठ नागरीक )**

८१. महिला, बालबालिका, अपांगता भएका व्यक्तिहरु, एकल महिला, ज्येष्ठ नागरिक, असाहाय, उत्पीडित , मुक्त कमैया, मुक्त कम्लहरी, भूमिहिन, विपन्न दलित, विपन्न जनजाती तथा मजदुरहरुको संरक्षण, उत्थान र हितको लागि योजना तथा कार्यक्रमहरु सञ्चालनमा विशेष जोड दिइनेछ साथै मजदुरहरुलाइ सूचीकृत गरि सामाजिक सुरक्षा कार्यक्रममा सहभागी गराऊन प्रोत्साहन गरिनेछ.

८२. विकासका गतिविधीहरु सञ्चालन गर्दा लैगिंकमैत्री मापदण्ड निर्माण गरी लागु गरिनेछ ।

८३. बालश्रमीक, हिंसापिडीत, अभिभावकविहिन तथा एकल अभिभावक भएका आर्थीक रुपले कमजोर बालबालिकाहरुको लागि विशेष कार्यक्रम सञ्चालनमा निरन्तरता दिइनेछ ।

८४. जेष्ठ नागरीकहरुको लागि सम्मान गर्दै उनीहरुको दैनिक जीवनयापन सहज तथा एक्लोपना कम गर्नका लागि दिवासेवा केन्द्र सञ्चालनको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८५. लैगिंकतामा आधारित हुने सबै किसमका हिंसा न्यूनिकरणको लागि बालक्लव, टोलविकास संस्था, महिला समुह, समितीको क्षमता विकास गर्नुका साथै हिंसा पिडितहरुको लागि सुरक्षित आवास गृह तथा राहत कोषको व्यवस्था सहित जिविकोपार्जन सीप विकास कार्यक्रमहरुमा जोड दिइनेछ साथै लक्षित बर्गको उत्थानका लागि रणनीतिक योजना बनाई कार्यन्वयन गरिनेछ ।

८६. बाल बिबाह न्यूनीकरणका लागि **हाम्री छोरी, प्यारी छोरी** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

### ख.५. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना

८७. सामाजिक सुरक्षा भत्ता वितरण लाई प्रभावकारी बनाउन EFT (Electronic Funds Transfer) बाट भत्ता वितरणको व्यवस्था मिलाईनेछ ।

८८. व्यक्तिगत घटना दर्तालाई थप प्रभाकारी बनाउन टीकापुर नगरपालिकामा भएका प्रत्येक Birthing Center बाट जन्म दर्ताको प्रमाण पत्र अनलाईनबाट दिने व्यवस्था मिलाईनेछ ।

८९. विपद जोखिम न्यूनिकरण तथा राहत वितरणमा सहजीकरण हुने गरी सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुको विवरण अद्यावधिक तथा नविकरण वडा बाटनै गर्ने व्यवस्था मिलाईनेछ ।

### ख.६.संघ संस्था परिचालन तथा नियमन

९०. सबै किसिमका गै.स.स. को प्रभावकारी नियमन गरिनेछ ।

९१. विकास साझेदार बीच समन्वय गरिनेछ ।

९२. स्थानीय संचार गृह/कर्मी संग उचित समन्वय र सहकार्य गरिनेछ ।

९३. स्थानीय विकास प्रक्रियामा टोल तथा बस्ती बाटनै नागरिक सहभागिता सुनिश्चित गर्दै समाजको आर्थिक,सामाजिक ,सास्कृतिक ,वातावरणीय लगायत विकासका सबै पक्षमा दीगोपना सिर्जना गर्न टोल विकास संस्थाहरुको परिचालनमा बिशेष जोड दिईनेछ ।

**नगरसभा सदस्यज्यूहरु**,

### ग. पूर्वाधार विकास तर्फ :

९४.. नगरको विकास र समृद्धिको लागि ठूला प्रकृतिका आयोजनाहरुको लागि रकम विनियोजन र कार्यान्वयनमा संघीय सरकार र प्रदेश सरकारसँग समन्वय सहकार्य गरी थप स्रोत साधनको व्यवस्था मिलाइनेछ ।

९५. सबै वडा जोड्ने सडकको स्तरोन्नतीलाई निरन्तरता प्रदान गरिनेछ र DPR निर्माण भएका सडक योजनामा प्राथमिकता दिइनेछ साथै आन्तरिक चक्रपथ (Ring Road) निर्माणका लागि थप अध्ययन गरिनेछ र कार्यन्वयनका लागि संघीय सरकार ,प्रदेश सरकार र अन्य दातृ निकाय संग पहल गरिनेछ ।

९६. नगर यातायात गुरु योजना निर्माण गरिनेछ भने सहर तथा बजार उन्मुख क्षेत्रमा नमुना शाखा सडकको विस्तार गरिनेछ साथै नगर भित्रका सडकहरुलाई बर्गिकरण गरिनेछ र सडक सुरक्षा सवल बनाइनुका साथै वातावरणमैत्री सडकको विकास गरिनेछ ।

९७. सिंचाई नहर तथा कुलो संरक्षणको व्यवस्था गरी खेति योग्य जमिनमा सदाबहार रुपमा सिंचाईको पहुँच कायम गरिनेछ ।

९८. यस नगरपालिका क्षेत्र भित्र संचालित योजना तथा कार्यक्रमहरु सम्झौतामा उल्लेख भय बमोजिम समय सिमा भित्र सम्पन्न नगर्ने निर्माण ब्यबसायीलाई सार्बजनिक खरिद ऐन तथा नियमावली बमोजिम जरिवाना गर्ने प्रावधानलाई कडाइका साथ लागु गरिनेछ ।

९९ .कर्णाली नदीको आवश्यक ठाउँमा थप पूल निर्माणको लागि पहल गरीनुको साथै कर्णाली ,मोहना लगाएतका नदीहरुमा आवस्यक तटबन्धनका लागि पहल गरिनेछ । गरिनेछ

१००.नगरको आधारभुत सेवाहरु : सडक सुधार, खानेपानी, सरसफाई, विद्युत, संचार लगायतका शहरी पूर्वाधार सेवालाई थप प्रभावकारी बनाइने छ ।

१०१. एक वडा एक गौरबको आयोजना अन्तर्गत सबै वडामा सडक कालो पत्रे निर्माण आयोजनालाई निरन्तरता प्रदान गरिनुका साथै बढघर निर्माण लगायतका बहुबर्षिय योजनाहरुलाई निरन्तरता प्रदान गरिनेछ साथै पुर्बधार निर्माण योजनामा २० प्रतिसत लागत सभगितलाइ कडाईका साथ् लागु गरिनेछ

१०२.दीगो विकास लक्ष्य अनुरुप नागरिकको स्वच्छ खानेपानीको उपभोगमा समान पहुंच कायम गर्नका लागि खानेपानी सेवा विस्तार सहित शुद्ध खानेपानीमा आम नगरवासीको सहज पहुँचलाई वृद्धि गर्न सरोकारवाला संघ संस्थाहरु संगको सहकार्यमा थप कार्यक्रम संचालन गरिनेछ .

## ग.१. भवन तथा शहरी विकास

१०३. सुरक्षित र ब्यबस्थित आवास निर्माण गरी टीकापुरलाई बसोबास शहरको रुपमा विकास गर्न भवन निर्माण सहिंता एवंम बस्तिविकास मापदण्डको पालना गरिनेछ|बस्ति विकास तथा भवन निर्माण मापदण्ड,२०७२ तथा भवन निर्माण तथा नक्शा पास प्रक्रिया बमोजिम सरल र प्रभावकारी बनाउन अनलाईन प्रविधि (EBBPS) अवलम्वन गरिनेछ ।

१०४. टीकापुर नगरपालिकाले निर्माण गरीने सरकारी संरचनाहरु वातावरणमैत्री र अपांगमैत्री बनाईनेछ ।

१०५. नगरपालिकाबाट संचालन गरीने पूर्वाधार विकासको काममा दिगोपना र प्रभावकारिताका लागि Quality Assurance Plan (गुणस्तर सुनिस्चित कार्य योजना ) योजना बमोजिम प्रयोगशाला स्थापना तथा संचालन गरिनेछ ।

१०६. नगर क्षेत्रभित्र निर्माण गरीने आवासीय,ब्यापारिक , औधोगिक वा अन्य किसिमका भौतिक संरचना निर्माण गर्न पूर्व अनिवार्य रुपमा नक्शा पास गर्नु पर्ने नीति लाई कडाइका साथ अवलम्बन गरिनेछ साथै भवन निर्माण सहिंता एवंम बस्ति विकास मापदण्ड लागु हुनु अगाडी बस्ति विकास भइसकेका ,पूर्ब प्लानिंग भइसकेका तर बिबिध कारणले सार्बजनिक बाटो कायम गर्न छुट भएका बाटोहरुलाई सार्बजनिक गर्न पहल गरिनेछ ।

१०७. नगरपालिका भित्र रहेका सवै सार्वजनिक, सरकारी तथा सामुदायिक जग्गाको संरक्षण, व्यवस्थापन र उपयोग सम्बन्धी आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ ।

१०८. नगरक्षेत्र भित्र रहेका महत्वपूर्ण सडक, चोक, चौराह, सार्वजनिक स्थलको नामाकरण कार्यलाई प्रभावकारी रुपले अगाडि बढाइनेछ ।

## ग.२. वैकल्पिक उर्जा तथा साना जल विधुत

१०९. ठुलो सम्भावना बोकेको बायो उर्जालाई बैकल्पिक उर्जाको रुपमा विकास गरी नगरपालिकाको आम्दानीको श्रोतको रुपमा विकास गर्न वडा नं १ स्तिथ मानब मलमुत्र प्रसोधन केन्द्र र वडा नं५ स्थित गोबर ग्यास प्लान्ट संचालनमा ल्याईनेछ ।

११०. विद्धुत,खानेपानी ,टेलीफोन,सडक ,केवल तथा इन्टरनेट लगाएतका पुर्बाधार निर्माण गर्दा सम्बन्धित निकायले नगरपालिका संग समन्वय गर्नुपर्ने ब्यवस्थालाई कडाईका साथ लागु गरिनेछ ।

१११. उज्यालो टीकापुर नगरपालिका अभियान अन्तर्गत सडक बत्ती विकास र विस्तारलाई निरन्तरता प्रदान गरिनेछ साथै नवीकरणीय ऊर्जाको प्रयोग मार्फत ऊर्जाको आपूर्तिलाई सरल र सहज बनाउने नीति लिईएको छ ।

## ग.३. भू-उपयोग तथा आवास

११२. भुउपयोग नीति तथा ऐनको प्रभावकारी कार्यान्वयन गरिनेछ र नगरपालिकाको सिमा GIS आधारमा अध्यावधिक गरिनेछ ।
११३. पूर्वाधार अभिलेख बैंक र ल्याबको स्थापना गरिनेछ ।
११४. ऐलानी तथा बाँझो जमिनको बहुउपयोगमा जोड गरिंनेछ ।
११५. न्यायपूर्ण एवं दिगो भूमि व्यवस्था सहितको समुन्नत, लोकतान्त्रिक र समतामूलक नेपाल निर्माणका लागि भूमिहीन दलित, भूमिहीन सुकुवासी तथा अव्यवस्थित बसोवासीहरुको व्यवस्थापन सम्बन्धी कार्यलाई प्राथमिकताका साथ अगाडि बढाईनेछ ।

## ग४. वन, वातावरण तथा विपद व्यवस्थापन

**सरसफाई तथा फोहोर व्यस्थापन तर्फ :**

११६. फोहोर मैलाको उचित व्यवस्थापन मार्फत स्वच्छ, स्वस्थ, सफा-सुन्दर र समुन्नत समाजको स्थापना गरी नगरको विकासमा जोड दिईनेछ ।
११७. फोहोर व्यवस्थापन सम्बन्धी तालिम, अन्तर पालिका अनुभव आदान प्रदान र अध्ययन अवलोकन भम्रणलाई नियमित रुपमा संचालन गरिनेछ ।
११८. ल्याण्ड फिल्ड साईटको निर्माणमा आवश्यक पहल गरिनेछ ।
११९. घरेलु फोहोर मैलाको स्रोतमा वर्गीकरण गरी पुनः प्रयोग र प्रशोधन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ साथै टीकापुर पार्क, अस्पत्ताल , विध्यालय र हाट बजार क्षेत्रलाई प्लास्टिक निषेध क्षेत्र घोषणा गरिनेछ ।
१२०. फोहोरको वर्गीकरण, न्यूनिकरण र निस्कासन सम्बन्धी नागरीक दायित्व वारे सचेतना कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।
१२१. फोहोरमैला व्यवस्थापनमा घरपरिवार, समुदाय, टोल विकास संस्था र अन्य सरोकारवालाको सहभागिता र सहकार्यलाई प्रोत्साहन गरिनेछ ।
१२२. फोहोरमैला व्यवस्था सम्बन्धी सचेतना अभिवृद्धिका लागि सुचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग गरिनेछ ।
१२३. फोहोरमैला व्यवस्थापनमा सार्वजनिक निजी साझेदारीको अवधारणा वमोजिम निजी क्षेत्रलाई परिचालन गरिनेछ ।

**वन वातावरण :**

१२४. **"मेरो नगर मै सफा गर्छु"** अभियान सञ्चालन गरी नगरलाई सफा र वातावरण मैत्री शहर बनाउने नीति अवलम्बन गरिनेछ ।

१२५. टीकापुर नगरपालिकालाई **ओपन ग्रिन गार्डेन** सिटीको रुपमा विकास गरिनेछ साथै शहरी, निजी तथा सामुदायिक वन विकासको अवधारणलाई विशेष जोड दिईनेछ ।

१२६. वातावरण स्वच्छ र सफा राख्न जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ साथै नगरपालिकाको सौन्दर्यतामा थप अभिवृद्धि गर्न A.F.U र F.W.U आंगिक कलेज लगायत अन्य सरोकारवालाहरु संगको सहकार्य तथा साझेदारी गरी टिकापुर शहरी सौन्दर्यकरण योजना लागु गरिनेछ ।

१२७. **हाम्रो टीकापुर–राम्रो टीकापुरको** नारालाई सार्थक तुल्याउन एक टोल-एक बगैचा एक उत्पादनमा जोड दिईनेछ ।

१२८. नगरको सौन्दर्यता अभिवृद्धि गर्न टीकापुर बजार क्षेत्र भएर बग्ने जमरा कुलोको दाँया बाँया किनारालाई हरित पार्कको रुपमा विकास गरिनेछ ।

**विपद् व्यवस्थापन :**

१२९. विपद् व्यवस्थापन सम्बन्धी तथ्यांक प्रविधिमैत्री बनाईनेछ ।

१३०. मौसम पूर्वानुमानमा आधारित पूर्व कार्यलाई अवलम्बन गरी गतिविधिहरु संचालन गरिनेछ ।

१३१. सचेतना, सक्षमता, सबलतामा जोड दिने कार्यक्रमलाई निरन्तता दिईनेछ ।

१३२. विपद् जोखिम तथा क्षतिलाई राहतको व्यवस्थामा निरन्तरता दिईनेछ ।

१३३. संस्थागत साझेदारी मार्फत विपद् व्यवस्थापन कोष तथा सामग्रीको थप अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१३४. स्थानीय आपतकालिन कार्य संचालन केन्द्रलाई थप सबलीकरण गरी अन्तरपालिका सिकाई आदान प्रदान कार्यक्रम संचालन गरिनेछ ।

१३५. विपद् व्यवस्थापन सम्बन्धी नमुना आपतकालिन अभ्यास संचालन गरिनेछ ।

१३६. जलवायु परिवर्तन शिक्षामा जोड गरिनेछ साथै जलवायु अनुकुलन सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

**नगरसभा सदस्यज्यूहरु**,

**ङ. सुशासन तथा संगठन विकास**

**ङ १.संस्थागत विकास ,सेवा प्रवाह र सुशासन :**

१३७. स्थानीय तहको काम कारवाहीलाई खुल्ला, पारदर्शी र प्रभावकारी तथा दिगो र परिणाममूखी बनाइनेछ ।

१३८. सदाचारयुक्त, जिम्मेवार कर्मचारीबाट स्वच्छ कार्यसम्पादन गर्ने वातावरण सिर्जना गर्न समयानुकुल संगठन संरचनामा सुधार गरिनेछ र Right man in right place को अवधारणालाई अङ्गीकार गरिनेछ ।

१३९. सेवाग्राहीहरुमा सुशासनको अनुभुति हुने गरी सेवाप्रदायक र सेवाग्राही बीच सुमधुर अन्तर सम्बन्ध, समन्वय र सहकार्यको वातावरण सृजना गरिनेछ साथै नागरिकका गुनासाहरुको सुनुवाई र सूचनाको पहुँच निर्माण गर्न सहज प्रणालीको स्थापना गरिनेछ ।

१४०. कार्यालयबाट निर्माण हुने नीति र योजना निर्माणमा नागरिकहरुको सहभागिता र समावेशीताको सिद्धान्त अपनाई निर्माण गर्ने र सहभागिता, सुशासन, पारदर्शिता, दिर्घकालीन हित र परिणाममुखी विकासको लक्ष्य स्थापित गर्ने प्रणाली स्थापना गरिनेछ ।

१४१. दिगो विकास सुशासनका लागि राज्य, नागरीक समाज र निजि क्षेत्र विच समन्वय र सहकार्य वृद्धि गर्दै खुल्ला सरकार साझेदार नीति अवलम्बन गरिनेछ ।

१४२. कार्यालयबाट प्रदान गरिने सेवा, सुविधा र अवसर, निणर्यहरुलाई पारदर्शी बनाउनका साथै नागरीकहरुको सुचनामा सहज पहुँच कायम गर्न नविनतम प्रविधिको प्रयोग गरिनेछ ।

१४३. नागरीक र सेवाग्राही बीचमा सेवा प्रवाह, स्रोत र साधन बीच सामञ्जस्यता कायम गर्न र सरकारले गरेका कामको जानकारी तथा सुझाव संकलन गर्नका लागि संवाद, छलफल, सुनुवाईका माध्यम अपनाइनेछ ।

१४४. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।

१४५. प्रचलित कानुन बमोजिम स्थानीय तहले पारदर्शिता जवाफदेहिता र सदाचारका लागि सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, लैगिक उत्तरदायी वजेट एवं समावेशी वजेट परीक्षण, सामुदायिक अंक तालिका आदि जवाफदेहिताका औजारलाई कार्यान्वयनमा ल्याइनेछ ।

१४६. प्रविधिमैत्री मानव संसाधनमा प्राथमिकता दिईनेछ र कर्मचारी-जनप्रतिनिधिहरुको क्षमता विकास गर्नुको साथै असल सम्बन्ध विकास गरिनेछ र आन्तरिक तथा बाहय नगरपालिका बीच भगिनी सम्बन्ध कायम गरिनेछ ।

१४७. नगर प्रहरीको दक्षता तथा संख्यामा थप विस्तार गरिनेछ साथै संघीय सुरक्षा निकाय संगको साझेदारिता विकास गरिनेछ।

१४८. कार्यालयको सुरक्षा व्यवस्थालाइ सुदृढ बनाईने छ साथै नगरको सुरक्षा थप सुदृढ बनाउन आवश्यक समन्वय गरिनेछ ।

१४९. जन प्रतिनिधिहरुको आचार संहिता बनाइ लागु गरिनेछ भने कर्मचारीको हकमा कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ ।

## ङ.२. सूचना , प्रविधि तथा तथ्यांक संकलन

१५०. वडा कार्यालय, स्वास्थ्य चौकी लगायतका संस्थामा ई-हाजिरी,डीजीटल नागरिक बडापत्र, सिसि क्यामराको व्यवस्था मिलाई मुख्य सर्भरमा जडान गरिनेछ ।

१५१. कार्यालयबाट प्रदान गरीने सेवा, सुविधा र अवसर, निणर्यहरुलाई पारदर्शी बनाइने छ र नागरीकहरुको सूचनामा सहज पहुँच कायम गरिनेछ ।

१५२. कार्यालयबाट प्रदान गरीने सेवालाई चुस्त, दुरुस्त, सरल र छिटो छरितो बनाउन नविनतम प्रविधिको प्रयोग गरिनेछ र नगरपालिकाको वडाहरुलाई Centralized Networking System मा आवद्ध गरिनेछ ।

१५३. स्थानीय तथ्यांक व्यवस्थापन प्रणालीको स्थापना गरिनेछ साथै संस्थागत सूचनाको प्रभावकारी उपयोग गर्न नगर पार्श्वचित्र तथा नगर बृहत योजनाल्लाई नियमित रुपमा अध्यावधिक गर्ने व्यवस्था मिलाइने छ ।

१५४. टीकापुर न.पा. डाटा एप्स को विकास गरिनेछ साथै एकीकृत तथ्यांकको प्रकाशन गरिनेछ।

१५५. श्रमजीबी पत्रकारहरुको हीतलाई मध्यनजर गरी संचार माध्यम हरुलाइ लोक कल्याणकारी विज्ञापन उपलब्ध गराईने छ ।

## ङ.३. राजश्व परिचालन, वित्तीय जोखिम तथा आन्तरिक नियन्त्रण

१५६. आन्तरिक राजश्व अभिवृद्धिको लागि राजश्वका दरहरु आगामी आ.व. यथावत राखी राजश्वका दायरा वृद्धि गरिनेछ साथै राजश्व अभिवृद्धि योजनालाई प्रभावकारिताका साथ कार्यान्वयन गरिनेछ ।

१५७. अभियानकै रुपमा करदाता शिक्षा सञ्चालन गरिनेछ र करदाता शिक्षा मार्फत राजश्व चुहावट नियन्त्रण गरिनेछ ।

१५८. स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१५९. आयोजना तथा कार्यक्रमहरुको अनुगमन व्यवस्थालाई प्रभावकारी बनाईनुका साथै सबै किसिमका सार्वजनिक उत्तरदायित्व तथा जवाफदेहिताका औजारको प्रयोग गरिनेछ ।

१६०. निर्धारित विधि र प्रक्रिया अनुसार कार्य सम्पादन गरी संगठनको लक्ष्य प्राप्तिका लागि आन्तरिक नियन्त्रण प्रणालीको लागि कार्यविधि तयार गरी लागु गरिनेछ ।

१६१. खरिद प्रक्रियालाई व्यवस्थित बनाउन खरिद योजना तयारी र कार्यान्वयनलाई अनिवार्य गरिनेछ ।

१६२. नगरपालिकाको वित्तीय व्यवस्थापनमा सुधार ल्याउन शुन्य बेरुजुको अवधारणा अनुसार बेरुजु फर्छयौट कार्यलाई प्रभावकारी बनाइनेछ ।

१६३. सार्वजनिक खर्चमा मितव्ययिता कायम गरिनेछ ।

## ङ.४. कानुनी शासन

१६४. स्थानीय तहको एकल अधिकार अन्तर्गतका विषयमा विभिन्न कानूनहरुको निर्माणमा जोड दिई प्रभावकारी कार्यान्वयन गरिनेछ र समय सापेक्ष रुपमा कानुनको संशोधन, परिमार्जन गरिनेछ ।

१६५. न्यायमा सर्वसाधारणको पहुँच वृद्धि गरिनेछ र न्यायमा पहुँच पुग्न नसकेका बालबालिका, महिला, जेष्ठ नागरीक, अशक्त, अपाङ्गता भएका व्यक्ति एवं समुदायका मानिसहरुको गुनासो सुनुवाईमा प्राथमिकता दिइनेछ ।

१६६. मेलमिलाप केन्द्रहरुलाई थप प्रभावकारी बनाईने छ ।

१६७. झन्झटिलो र खर्चिलो न्याय प्रणलीमा सुधार गरी सरल, सहज, छिटो छरितो, सर्वसुलभ न्याय प्रदान गर्ने उदेश्यका साथ डीजिटल रुपमा कार्य अघि बढाईने छ ।

१६८. मुद्दाहरुलाई वार्ता, छलफल, मध्यस्थता, क्षमादान, आपसी समझदारी, सहिष्णुता र सुझबुझपूर्ण तवरले मेलमिलापको विधिबाट समस्या समाधान गर्न जोड दिईनेछ ।

१६९. प्रत्येक वर्ष मेलमिलापकर्ताहरुको सूचीकरण र अद्यावधिका साथै आधारभूत मेलमिलाप सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।

१७०. न्यायिक समितिलाई थप ब्यबहारिक ,व्यवस्थित बनाउदैं लगिनेछ साथै जनशक्तियुक्त वनाउदै न्याय प्रदान गर्ने कामलाई प्रभावकारी ढंगले अगाडि बढाइनेछ ।

१७१. प्रथाजनित बरघर लाई थप प्रभाबकारी बनाउन आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

१७२. समाजमा सृजना हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई निरुत्साहित गर्नमा जोड दिईनेछ ।

१७३. समाजमा प्रचलनमा रहेका विभिन्न अन्धविश्वास, कुरीति कुप्रथा, कुसंस्कार विरुद्ध जनचेतना अभियान कार्यक्रम संचालन गरिनेछ ।

१७४. लागू औषध दुर्ब्यसनी न्यूनिकरण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।

अन्त्यमा प्रस्तुत नीति तथा कार्यक्रमले आम नगरबासीको समस्या, माग र आवश्यकतालाई सम्बोधन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास लिएको छु । नीति तथा कार्यक्रम निर्माणमा प्रत्यक्ष परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने नेपाल सरकार, प्रदेश सरकार, राजनीतिक दल, सम्पूर्ण जनप्रतिनिधिहरु, सरकारी निकाय, सहकारी क्षेत्र, सामाजिक संघ संस्था, विकास साझेदार, निजी क्षेत्र, समस्त सञ्चार जगत तथा नागरीक समाज र सम्पूर्ण नगरवासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद।**